Kachankawal Rural Municipality
Office of The Rural Municipal Executive
Baniyani, Jhapa
Koshi Province, Nepal

# Invitation for e-Bids

Date of First Publication: 22nd Kartik 2080 (8th Nov 2023)

Kachankawal Rural Municipality invites Sealed Quotations from registered Suppliers. Eligible Suppliers may obtain further information from the PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID. | Name of Project | Estimated Amount (Exclusive of VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SQ/GOODS/KACHANKAWAL/2080-81/01 | Procurement of Medicines and Surgical Items for Kachankawal Rural Municipality Jhapa. | 38,31,420.20 | 1000 | 1,00,000 | Minimum 30 Days beyond the Bid validity Period | Sealed Quotation (e-Bid only) | 2080/08/07 (23rd Nov 2023) 12:00 PM | 2080/08/07 (23rd Nov 2023) 01:00 PM |

1. Information to deposit the cost of bidding document in Bank & Bid Security in Bank:

| | | |
|---|---|---|
| Name of Bank | : | NIC Asia Bank Ltd., Kachankawal Branch |
| Name of Office | : | Kachankawal Rural Municipality, Baniyani, Jhapa |
| Office Code No. | : | 80112501300 |
| Office Revenue (Rajaswa) Account No. | : | 0672050029136002 |
| Office Revenue (Rajaswa) Head No. | : | 14529 |
| Bid Security (Dharauti) Account No. | : | 67CA051019752404 |

Chief Administrative Officer

Subhash Chandra Suman
Chief Administrative Officer

कचनकवल गाउँपलिका
गाउँ कार्यपालिकाको कार्यालय
वनियानि, झापाको

कचनकवल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनियानी, झापा कोशी प्रदेश, नेपाल

# औषधी तथा सर्जिकल सामाग्री सम्बन्धी दरभाउपत्र आव्हान

## प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२२

यस गाउँपलिकाबाट आ.व. ०८०।८१ मा कार्यालयको लागी स्वीकृत कार्यक्रम बमोजिम औषधी तथा सर्जिकल सामाग्रीहरु दरभाउपत्र आव्हानद्वारा खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीबाट देहायका शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु १,०००।०० (पछि फिर्ता नहुने गरी) यस गा. पा. को नाममा एन. आई. सि. एसिया बैंक कचनकवल शाखामा रहेको खाता नम्बर 0672050029136002 को राजश्व खातामा बुझाई e-Bid PPMO website www.bolpatra.gov.np मार्फत खरिद गर्न सकिनेछ। दरभाउपत्र फारम सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिन दिनको ठिक १२:०० वजेसम्म e-Bid मार्फत दर्ता गराउनु पर्नेछ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्न सकिने छ।

२. दरभाउपत्र खरिद गर्नका लागी दरभाउपत्रदाताको निवेदन साथ आ. व. ०७९।८० को कर चुक्ता प्रमाण पत्र, नविकरण गरिएको कम्पनी वा फर्मदर्ता प्रमाण पत्र, औषधी सप्लायर्स ईजाजत पत्र, मु. अ. कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राख्नुपर्नेछ।

३. दर्ता हुन आएका दरभाउपत्रहरु दर्ता म्याद सकिएको दिनको १:०० बजे यस गा. पा. को कार्यालयमा दरभाउपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएकै कारण सो दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन।

४. सिलबन्दी दरभाउपत्रसाथ धरौटी बापत तपशिल अनुसारको रकम यस गा. पा. को नाममा एन. आई. सि. एसिया बैंक कचनकवल शाखामा रहेको खाता नम्बर 67CA051019752404 को धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाताले दरभाउपत्र दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस गाउँपलिकाको नाममा जारी गरिएको जमानत पत्र संलग्न राख्नु पर्नेछ।

५ दरभाउपत्रमा दर अंक र अक्षर महलमा स्पष्ट खुलाउनु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुने छैन। मूल्य अभिबृद्धि कर लाग्ने आईटमको विवरण उल्लेख गर्नु पर्नेछ। विवरणमा उल्लेख भएको वस्तुको मु. अ. कर भुक्तानी गरिने छैन।

६. आपूर्ति गरिएको औषधी तथा औषधी जन्य सामाग्रीहरु दाखिला भएको मितिले कम्तिमा १८ महिना म्याद भएको हुनु पर्नेछ। कम अवधि भएको औषधी तथा औषधीजन्य सामाग्रीहरुको कम्तिमा पनि ७५ प्रतिशत म्याद भएको हुनुपर्नेछ।

७. दरभाउपत्रदाताले आफ्नो फर्म वा कम्पनिको पुरा ठेगाना, सम्पर्क नम्बर र उपलब्ध भए फ्याक्स नम्वर वा इमेल ठेगाना आदि खुलाउनु पर्नेछ। दरभाउपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी रकम जफत गरी निकटतम दोस्रो दरभाउपत्र स्वीकृत गरी सम्झौता गरिनेछ।

८. DDA/WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको मात्र औषधी सामाग्री खरिद गरिनेछ। दरभाउपत्रको रहेको BOQ का महलमा कुन कम्पनिको औषधी तथा औषधी जन्य सामाग्री आपूर्ती गरिने हो सो कम्पनिको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

९. दरभाउपत्रदाताले खरिद आदेश पाएको १५ औं दिन भित्र यस गा. पा. मा खरिद आदेश अनुसारको औषधी तथा औषधी जन्य सामग्रीहरु दाखिला गर्नु पर्नेछ। दाखिला गर्न नसकेमा गा. पा. बाट ति औषधी तथा औषधीजन्य सामाग्रीहरु पाएसम्म दरभाउपत्रकै दर रेटमा नपाएमा उचित वजार मूल्यमा खरिद गरी ल्याईनेछ र सम्बन्धीत दरभाउपत्रदाताले पाउने रकमवाट उक्त रकम कट्टा गरी भुक्तानी गरिनेछ।

१०. खरिद आदेशमा उल्लेखित औषधी तथा औषधीजन्य सामाग्रीहरु यस गा. पा. को जिन्सी शाखासम्म दरभाउपत्रदाताले पुऱ्याउनु पर्नेछ। उक्त सामाग्रीहरु दाखिला गर्दासम्म लाग्ने ढुवानी भाडा तथा अन्य कर दरभाउपत्रदाताले ब्यहोर्नु पर्नेछ। त्यसका लागी कार्यालयले छुट्टै भुक्तानी गर्ने छैन।

११. निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गतको खरिद आदेश बमोजिमका औषधी तथा औषधीजन्य सामानहरुमा नमेटिने गरी ठूलो अक्षरमा निःशुल्क Supply for Kachankawal Rural Municipality भनि लेखिएको हुन पर्नेछ।

१२. एक फर्म वा कम्पनिको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनिको नामबाट दाखिला गर्न पाईने छैन।

१३. दरभाउ पत्र सम्बन्धी अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१४. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ। अन्य कुरा बुझ्नु परेमा यस गा.पा.को कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

| दरभाउपत्र | कामको विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| SQ/GOODS/KACHANKAWAL/2080-81/01 | औषधी तथा सर्जिकल सामाग्री खरिद | १,००,०००।०० | |

सुभाष ... सुमन
प्रमुख प्रशासकीय अधिकृत

## दरभाउपत्रदातालाई निर्देशन

**प्राविधिक प्रस्तावना :**

१. दरभाउपत्रदाताले आ.व. २०८०।८१ का लागी नविकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र वा औषधी व्यवसायी प्रमाण पत्र, आयकर तथा भ्याट दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ । उपर्युक्त उल्लेखित कागजातहरु पेश नगरेको दरभाउपत्रदाताहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

२. दरभाउपत्र पेश गर्दा लाग्ने सम्पूर्ण खर्च दरभाउपत्र दाता अफैले बेहोर्नु पर्नेछ ।

३. दरभाउपत्र दाताले दरभाउ गरेको रकमवाटै यस कार्यालयले तोकोको स्टोरमा औषधी तथा सर्जिकल सामानहरु बुझाउनु पर्नेछ । दरभाउपत्र दाताले दरभाउ गरेको बिक्री मूल्य बाहेक अन्य कुनै खर्च यस कार्यालयबाट व्यहोरिने छैन ।

४. दरभाउपत्र दाताले प्रत्येक आईटमहरुको छुट्टा छुट्टै दररेट पेश गर्नु पर्नेछ ।

५. कारोवार गर्न ईजाजत प्राप्त फर्म नभएको फर्मले दररेट पेश गरेमा उक्त दररेटलाई मूल्याङ्कनमा समावेश गरिने छैन । दरभाउपत्रदाताले दरभाउपत्र फारममा उल्लेख भएका औषधीहरुको दर रेट पेश गर्दा आफूले यस कार्यालयमा सप्लाई गर्ने औषधी DDA/WHO/GMP प्रमाणपत्र प्राप्त भएको उत्पादकको (कम्पनी) को नाममा उल्लेख गर्नु पर्नेछ ।

६. प्राप्त हुन आएका दरभाउपत्र पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने अथवा पूर्ण रुपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ ।

७. औषधीहरुको म्यादको सम्बन्धमा उक्त औषधी Manufacturing Date बाट Expiry Date कम्तीमा १८ महिनाको हुनुपर्नेछ तर कुनै औषधी जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Self Life को कम्तीमा ७५ प्रतिशत म्याद बाँकी हुँदा नै दाखिला गर्नु पर्नेछ ।

८. टुटफुट तथा प्राविधिक समस्या भएका औषधीहरु कुनै हालतमा पनि बुझिलिईने छैन ।

९ दरभाउपत्र दाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्नेछ । यसो नगरिएका दरभाउ पत्र रीत पुगेको मानिने छैन ।

१० दरभाउपत्र दाताले आफूले पेश गरेको दरभाउपत्रको सिलवन्दी खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम औषधी तथा सर्जिकल सामानहरु खरिद सम्वन्धी दरभाउपत्र भनी उल्लेख गर्नु पर्नेछ । साथै उक्त सिलवन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्र दाताले आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर समेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।

११. दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु १,०००।०० अक्षेरुपी एक हजार(फिर्ता नहुनेगरी) को नगदी रसीद वा यस कार्यालयको नाममा रहेको एन. आई. सि. एसिया बैंक शाखा कार्यालय कचनकवल वनियानिमा रहेको खाता नम्वर 0672050029136002 मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा बुझाएको नगदी रसिद सहित निवेदन साथ राखी कार्यालय समय भित्र सिलवन्दी दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिीले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सक्नेछ । दरभाउपत्र खरिद गर्न आउदा र पेश गर्दा दरभाउपत्र फारमका साथ निवेदकले आ.व. २०८०।८१ का लागी नविकरण गरिएको कम्पनी वा फर्म दर्ता प्रमाण पत्र,औषधी व्यवसायी प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्रतथा भ्याट दर्ता प्रमाण पत्र मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि र आव ०७९।८० को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न राखि यस कार्यालयको नाममा दरभाउपत्र खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ साथै शिलवन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र फारम साथ संलग्न राख्नु पर्नेछ । उपर्युक्त उल्लेखित कागजातहरु पेश नगर्ने निवेदकले दरभाउपत्र खरिद गर्न पाउने छैन ।

१२. दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिलि १६ औं दिनको १२:०० वजे भित्र खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालयमा शिलवन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र १६ औं दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमाम खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१३. प्राप्त हुन आएका दरभाउपत्रहरुको मूल्यांकन बोलपत्र सम्वन्धी सूचना र दरभाउपत्र आह्वान फारम साथ संलग्न शर्तहरु अनुसार गरिनेछ ।

१४. आपूर्ति हुने औषधीको प्रत्येक पत्ता (Strip), वोतल, भाईल, ट्युव र सो को प्याकिङको बाहिर उत्पांदन मिति, एक्सपाईरी मिति, व्याच नम्वर तथा नेपाल सरकार द्वारा नि:शुल्क वितरणको लागी भनि स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

१५. ठेक्का सम्झौता बमोजिम काम शूरु नगरेमा वा काम शुरु गरी बीचमा छाडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा ठेक्का तोड्न सकिने छ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधी तथा सर्जिकल सामानहरु दाखिला गर्न नसकेको खण्डमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कारवाही हुनेछ ।

१६. दरभाउपत्र दाताले दरभाउ गरेको दर रेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईने छ । कतै केरमेट वा थपघट गर्नु पर्ने भए केरमेट वा थपघट गरेको अंक वा अक्षर बुझिने गरी अल्लेख गरी काटिएको र थपिएको ठाउँमा दायाँ बाँया आधिकारीक व्यक्तिको हस्ताक्षर र फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

१७. दरभाउ पत्र स्वीकृत भई सम्झौता भए पछि यस कार्यालयबाट जारी गरीने खरिद आदेश बमोजिमका सामानहरु १५ दिन भित्र स्टोरमा बाझाई सक्नु पर्नेछ ।

१८. दरभाउ पत्र दाताले दरभाउपत्र फारममा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नु पर्नेछ र उपलब्ध गराउन भनिएका विवरणहरु अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

१९. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपालको प्रचलित कानुन अनुसार हुनेछ ।

२०. दरभाउपत्र दाताले भुक्तानिको लागी पेश गरिएको विलमा वा अन्य छुट्टै आधिकारिक पानामा आपुर्ती गरिएको सम्पूर्ण औषधी तथा औषधीजन्य सामाग्रीहरुको व्याच न, उत्पादन मिति र म्याद समाप्त मिति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

चन्द्र सुमन
प्रमुख प्रशासकीय अधिकृत